



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ साउन १९ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 August 03 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३३६

## शिरमा देश, मनमा मधेस राखेर सबैले काम गर्नुपर्छ -प्रदेशप्रमुख झा

प्रस, वीरगंज, १८ साउन/

प्रदेश २ का प्रमुख राजेश झा 'अहिराज'ले शिरमा देश र मनमा मधेसको भावना राखेर सबैले काम गर्नुपर्ने बताएका छन्।

पर्साका सुरक्षा निकायका पदाधिकारीहरूसँगको अन्तर्क्रियामा सहभागीहरूको जिज्ञासा सुनेपछि उनले यस्तो बताएका हुन् ।

जिल्ला प्रशासन कार्यालय पर्साको सभाहलमा आयोजित कार्यक्रममा उनले देशमा पछिल्लो समय अभाववाद र अतिवाद बढ्दै गएको जसको कारण देश कट्टरवाद र द्वन्द्ववादमा फस्दै गएको बताए ।

हरेक नागरिकलाई देशप्रति गर्व गर्न लायक भावना जागृत गराउन सुरक्षा निकाय, निजामती र पत्रकार मितेर काम गर्नुपर्ने उनले सुझाव दिए । उनले भने, "पत्रकार समाजका ऐना हुन्, उनीहरूका माध्यमले समाजमा लुकेका सफलताका कथा, पीडितका व्यथा, नवीन योद्धा, जीवनप्रतिको आस र राज्यप्रतिको विश्वास जगाउने खालका सहकार्य गर्न आवश्यक छ।" उनले प्रदेश प्रमुख बनेपछि विभिन्न पहाडी र हिमाली जिल्लाको पनि भ्रमण गरेको चर्चा गर्दै त्यहाँ आफूले निकै माया र सद्भाव पाएको बताए ।

अभाव र अतिवादका कारण समाजमा राज्यप्रति अविश्वास, निराशा, दूरी, आक्रोश, वितृष्णा बढ्दै जाँदा देश द्वन्द्वमा फस्न लागेको बताए । ठीक समयमा देशमा राष्ट्रिय एकता कायम गर्न जिल्ला तहबाट सहकार्य भएन भने आगामी दिनमा कट्टरवाद झनै फैलिने उनले बताए ।


कार्यक्रम सकेपछि सामूहिक तस्वीरमा प्रदेशप्रमुख झा (बीचमा)। तस्वीर: प्रतीक

कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेले जिल्लाको शान्ति सुरक्षा तथा कोरोना महामारी नियन्त्रण गर्न विगतमा गरिएका गतिविधिका बारेमा जानकारी गराएका थिए ।


तस्वीर: प्रतीक

त्यसैगरी, पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले गत आवमा पर्सामा अपराधजन्य गतिविधि १० प्रतिशतले बढेको भन्दै आत्महत्या र लागूऔषध ओसारपोसारका घटनामा पनि वृद्धि भएको बताएका थिए ।

त्यसैगरी, पर्साका सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्काले सीमा सुरक्षा तथा सीमास्तम्भका बारेमा जानकारी गराए ।

नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्र प्रधानले अस्पतालले कोरोना महामारीको तेस्रो लहरलाई रोक्न गरिरहेको तयारी तथा विगतका प्रगति विवरण सुनाएका थिए।

स्वास्थ्य कार्यालय पर्साका निमित्त प्रमुख नवलकिशोर साहले खोप कार्यक्रमका बारेमा जानकारी गराएका थिए ।

कार्यक्रममा चण्डीप्रसाद गणका गणपति नैन बस्नेत, पर्साका अनुसन्धान उपनिर्देशक टीकाप्रसाद पोखरेल, वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष माधव राजपाल, नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारी, महासङ्घ प्रदेश २ का महासचिव श्याम बन्जारालगायतको सहभागिता थियो ।

## पर्सामा जानसिनको १२ र भेरोसिलको ४२ हजार मात्रा खोप लगाउने तयारी

प्रस, परवानीपुर, १८ साउन/

पर्सामा तीन दिन (बुधवारसम्म)भित्र ४४ हजार खोप लगाउने तयारी भइरहेको बताइएको छ ।

स्वास्थ्य कार्यालय पर्साका निमित्त प्रमुख नवलकिशोर साहले साउन २० गते बुधवारका दिन १२ हजार जानसिन खोप र साउन २१–२२ गते गरी दुई दिनमा ४२ हजार भेरोसिल खोप लगाउने कार्यक्रम अगाडि बढाइएको बताए। उनले पछिल्लोपटक लगाइएको जानसिन खोपमध्ये १२ हजार खोप बचेकाले बुधवार वीरगंजका ३२ वटा वडाको लागि ५ केन्द्र र १३ वटा अन्य पालिकामा यो खोप लगाउने कार्यक्रम तय भएको बताए ।


खोप लगाउनका लागि लाम लागेका पर्सेली जनता । तस्वीर: फाइल/प्रतीक

वीरगंजको स्वास्थ्य कार्यालय पिपरा, बगही, नगवा, नारायणी अस्पताल, श्रीपुर स्वास्थ्य केन्द्रमा यो खोप लगाइनेछ भने १३ वटा अन्य पालिकामा सुविधा अनुसार खोप लगाइनेछ ।

जानसिन खोप ४५ वर्षमाथिका सबैले लगाउन पाइन्छ भने बिहीवार र शुक्रवार भेरोसिल खोप १४ वटा पालिकाका वडाका स्वास्थ्य केन्द्रबाट लगाइने तयारी छ । भेरोसिल ५५ वर्षमाथिका सबैले लिन पाउनेछन् । पर्सामा हालसम्म ४० हजारजनाले पूर्ण खोप लगाइसकेका छन्।

पर्साको कुल ७ लाख २३ हजार ३०४ जनसङ्ख्यामध्ये कोभिशिल्डको पहिलो मात्रा लिनेमा ३७ हजार एक सय ३०, दोस्रो मात्रा लगाएका ९२६४ जना रहेका छन्। कोभिशिल्डको दोस्रो मात्रा लिनेहरू २७ हजार बाँकी रहेका छन् ।

त्यसैगरी, भेरोसिलको पहिलो मात्रा ८६३४, दोस्रो मात्रा लिएका ८ हजार १२ र जानसिन खोप २३ हजार २२० जनाले लिएका छन् ।

जानसिन एउटै मात्रा लिए पुग्ने खोप हो । कोभिशिल्ड खोपको पहिलो मात्रा लगाएको चार महीना बितिसक्दा पनि खोप नआएकोले पहिलो मात्रा लगाउनेहरू चिन्तित छन्। तर सरकारले जिल्लाबाट तथ्याङ्क लिइसकेको र भारतले पठाएपछि लगाउने तयारीमा रहेको समाचार छ ।

## बेवारिसे ट्रकबाट गाँजा बरामद

प्रस, वीरगंज, १८ साउन/

सशस्त्र प्रहरीले २१ किलो गाँजासहित ट्रक बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल १३ नं गण हेडक्वार्टर पर्साका सशस्त्र प्रहरी निरीक्षक राजेश्वरप्रसाद साहको कमान्डमा खटेको टोलीले सोमवार बिहान साढे ७ बजे बेवारिसे अवस्थामा रहेको ट्रकबाट २१ किलो गाँजा बरामद गरेको हो ।

वीरगंज महानगर–१४ पिपरा दोस्रो बाइपासमा रोकिराखेको ना.३ख ४२९७ नम्बरको ट्रक चेकजाँच गर्दा ट्रकको केबिनबाट चार पोका गाँजा बरामद भएको थियो ।

बरामद गाँजा २१ किलो रहेको सशस्त्र प्रहरीले जनाएको छ । बरामद गाँजा र ट्रक कारबाईको लागि जिल्ला प्रहरी कार्यालय, पर्सामा पठाइएको सशस्त्र प्रहरी बल नेपाल १३ नं गणले जनाएको छ ।


प्रहरीले बरामद गरेको ट्रक । तस्वीर: सौजन्य


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

अनावश्यक भीडभाड नगरी, भौतिक दूरी कायम गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



वीरगंजबाट प्रकाशित पत्रिकामा छापिएका फोटो र बायोडाटासहित साउन २४ गतेसम्म प्रतीक दैनिकको कार्यालयमा बुझाउन सबै फोटोपत्रकारलाई सूचित गरिन्छ ।

इमेल: prateekdaily@gmail.com
अनलाइन: eprateekdaily.com
फेसबूक: facebook.com/prateekdainik

आयोजक: प्रतीक

## दुग्धेश्वरमा मेला नलागेपछि काँठघाटमा भीड

प्रस, पर्सागढी, १८ साउन/

पटेर्वासुगौली गाउँपालिकामा रहेको ऐतिहासिक दुग्धेश्वरनाथ महादेव मन्दिरमा लाग्ने साउने मेला यस वर्ष पनि कोरोना सङ्क्रमणको कारण नलागेपछि साउनको सोमवार व्रत गर्नेहरूको भीड जीतपुरसिमरा उपमहानगर अन्तर्गतको सहजनाथ मन्दिर काँठघाटमा बढेको छ ।

एक महीनासम्म लाग्ने दुग्धेश्वर महादेवको साउने मेला यस वर्ष पनि कोरोना सङ्क्रमणको कारण पर्सा राष्ट्रिय निकुञ्जले रोक लगाएको हो । त्यहाँ तिथिले सोमवार परेको साउन ११ गते १५ जना मेला समितिका मानिसलाई मात्र पूजा गर्न दिएको र अन्यलाई रोक लगाइएको छ । मन्दिर निकुञ्जभित्र रहेका कारण निकुञ्ज प्रशासनले मेला भर्न रोक लगाएको हो ।

नियमित पूजाको लागि १५ जनालाई मात्र प्रवेश गर्न दिइएको छ। उनीहरूले नै सोमवारका दिन पूजा गर्दै आएका छन्। दुग्धेश्वर महादेव मन्दिरमा लाग्ने मेला बन्द भएपछि जीतपुरसिमरा उपमहानगर अन्तर्गत सहजनाथ मन्दिर काँठघाटमा पूजा गर्नेहरूको भीड बढेको छ ।

मानिसहरू टचाक्टर, साइकल, मोटरसाइकल, पैदल काँठघाटमा पूजा गर्न गएका थिए । भक्तजनहरूको भीड बढेसँगै सो क्षेत्रमा खानेकुरा, मिठाइ, खेलौनाहरूको व्यापार पनि बढेको छ ।

यसैगरी, तिथिले दोस्रो सोमवार वीरगंजको अलखियामठलगायतका शिवालयहरूमा भक्तजनहरूले पूजा आराधना गरेका छन् । त्यस्तै, पर्सा जिल्लाका ग्रामीण क्षेत्रमा रहेका विभिन्न शिवालयमा पनि आज पूजा अर्चना भयो।


टचाक्टरमा सहजनाथ मन्दिर काँठघाटमा मेला भर्न जाँदै र सहजनाथ मन्दिरको दृश्य । तस्वीर: प्रतीक

## विचारसार र सूक्तिहरू

**असल भूमिका, असल लक्ष्य र असल विचार भएका व्यक्तिको सदैव सम्झना भइरहन्छ–मनमा, शब्दमा र जीवनमा पनि ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## एउटा संवेदनशील बहस

**कोरोनाको दोस्रो लहरको समाप्ति र तेस्रो लहरको आगमनका साथै विद्यालय सञ्चालनसम्बन्धी बहस गम्भीरतापूर्वक उठ्न थालेको छ । के गर्ने ? कोरोनाको बेवास्ता गर्दै विद्यालय सञ्चालन गर्ने कि वर्ष दिनभन्दा बढी विद्यालय जान नपाएर अलपत्र परेका विद्यार्थीहरूको जीवन दाउमा लाग्ने भयले अवस्था सामान्य नभएसम्म भौतिक कक्षा सञ्चालन नगर्ने ? विद्यार्थीको जीवन ठूलो कि शिक्षा ? जीवन गयो भने फर्कंदैन । शिक्षा भएन भने काम चल्न सक्छ। तर कुरा यतिमैं टुङ्गिदैन । के मानव आज यति लाचार भइसकेको छ कि एउटा भाइरसले उसलाई भ्रमित पारिदिएको छ ? मानव इतिहासले सदा अग्रगामी पाइला चाल्न सिकाएको छ । मानिस पछि फर्कन सक्दैन । विभिन्न बाधा–अवरोधका बावजुद आफ्नो लक्ष्य प्राप्त गर्छ । त्यसका लागि जतिसुकै मूल्य चुकाउनु किन नपरोस्। विद्यालयहरूको अडान छ, विद्यालय खुल्नुपर्छ, हामी स्वास्थ्य मापदण्ड पालना गर्छौं । सरकारलाई भने विद्यालयको प्रतिबद्धताप्रति भरोसा छैन। किनकि कोरोनाको पहिलो लहरपछि खुलेका विद्यालयहरू अधिकांशले स्वास्थ्य मापदण्ड पालना गरेका थिएनन् ।**

**यहाँ सरकार र विद्यालय दुवै दोषी देखिन्छन् । सरकार कोरोनाको प्रतिकार गर्न चाहन्छ, तर पार्किन्सन रोगबाट ग्रस्त छ । कुरा खोपको हो । अब त सबै उमेरका मानिसका लागि कोरोनाविरुद्ध खोप उत्पादन भइसकेको छ। खरीद गर्न नसकिने होइन । तर सरकार सित्तैमा खोज्छ, भलै लाखौं विद्यार्थीको जीवनका महत्त्वपूर्ण क्षणहरू खेर किन नजाओस् । विद्यालयहरूलाई पनि सञ्चालनको खाँचो विद्यार्थीको भविष्य नबिग्रोस भनेर होइन, आयले निरन्तरता पाओस् भनेर हो । परोक्षमा विद्यालयका शिक्षक, कर्मचारीहरूको रोजगारको स्वार्थ पनि छ । निजी विद्यालयहरूले अहिले लाखौं व्यक्तिलाई रोजगार दिइरहेका छन् । त्यसैले उनीहरूको छटपटीलाई जायज मान्न सकिन्छ। तर समग्रमा विद्यार्थीको हितलाई दुवैथरीले बेवास्ता नै गरेका छन् । किनभने विद्यालय त त्यो ठाउँ हो, जसले जस्तोसुकै समस्याको समाधान दिन सक्छ । सबैभन्दा ठूलो समस्या व्यक्तिको जीवनशैली राम्रो बनाउने दिशा निर्देश हो । यो काम परापूर्वकालदेखि विद्यालयहरूले गर्दै आएका छन् । अभिभावकलाई विद्यालयहरूको यस क्षमतामा आज विश्वास छैन, अन्यथा उनका सन्तान आज विद्यालयमा पढिरहन्थे ।**

**निष्कर्षमा हामी के भन्न सक्छौं भने विद्यालय सञ्चालन हुनैपर्छ । सरकारले जति छिटो हुन्छ, सबै उमेरका व्यक्तिलाई खोप दिनुपर्छ, विद्यालयहरूले आफ्नै स्वार्थका लागि पनि आफ्नो परिसरलाई कोरोना प्रतिरोधात्मक बनाउन सक्नुपर्छ। अहिले रुने–कराउने बेला होइन, केही गर्ने, सार्थक गर्ने बेला हो । जीवन त जुन कालमा पनि अमूल्य रहेको छ, आज पनि छ । तर आज मानिस जीवनभन्दा जीवन–मूल्य खोज्छ । असार्थक जीवन बेकार छ । जीवनलाई सार्थकता दिन शिक्षा आवश्यक छ । शिक्षाविना आज मानिस बाँच्न मात्र सक्छ, मानव बन्न सक्दैन । समस्या हातखुट्टा चलाउने हो । यसमा सरकारले अग्रणी भूमिका निर्वाह गर्न सक्नुपर्छ । सरकारले निश्शुल्क खोप दिन सक्दैन भने नागरिक स्वयंले खरीद गरेर भएपनि सुरक्षित हुन पाउने वातावरण बनाइदिनुपर्छ। निश्शुल्क दिने प्रतिबद्धता जनाएको बेला नागरिकसँग मूल्य तिराउनु लाजमर्दो कुरा हो । तर लाज पचाउन सिपालु नभई हामीकहाँ कोही सरकारमा बस्नै सक्दैन । खासगरी हाम्रा सरकारहरूले लाज मानेको कहिल्यै देखिएको पनि त छैन !**

# दलाल पूँजीवादी व्यवस्थाको दासत्वबाट नेपाल र नेपालीको मुक्ति असम्भव

स्वतन्त्र विचार



सुदर्शनराज पाण्डे

**बहुदलीय र संसदीय व्यवस्थाको संरचनामा आमूल परिवर्तन गर्न नितान्त जरुरी छ । खराब प्रवृत्ति र पात्रहरू परिवर्तनका विरोधी हुन् । व्यक्तिगत स्वार्थ, गुटगत स्वार्थमा रमेकाहरू सामूहिक स्वार्थ र राष्ट्रिय स्वार्थका विरोधी हुन्छन् ।**

१० वर्षे सशस्त्र जनयुद्ध, १९ दिने शान्तिपूर्ण जनआन्दोलन, १७ हजार नेपालीको शहादतस्वरूप स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक बहुदलीय संसदीय व्यवस्थाको चरित्र दलाल पूँजीवादमा परिणत भएको छ । एकता–सङ्घर्ष–सम्झौता हुन गयो । देशमा कहींकतै रूपान्तरण भएन । राजनीतिक व्यवस्थामा अव्यवस्था कायम भयो । कहींकतै विधिको शासन देखिएन । संसदीय व्यवस्था र प्रजातन्त्रको अवगुण मात्र कायम रहन पुग्यो । राजनीति भनेकै खराब पात्र र प्रवृत्ति उत्पादन गर्ने साधन हो भन्ने देखियो । गुट, फुट र लूट राजनीतिक दलहरूको संस्कार र संस्कृति बन्न पुग्यो । संसद्वादी राजनीतिक दलहरूका नेताहरूमा सकारात्मक बुद्धि देखिएन । राष्ट्र र जनतामा सकारात्मक उपलब्धि, परिणाममुखी योगदान संसद्वादी शासक र प्रशासकहरूले देखाउन नसकेको कारण प्राचीन स्वतन्त्र देश नेपाल विदेशी दासता स्वीकार्न बाध्य हुँदैछ । संसदीय अभ्यासमा रहेका सबै राजनीतिक दलहरू अब निकम्मा साबित भइसकेका छन् । लाज, घीन, शरम, डर सबै पचाएर संसद्वादी तथाकथित नेताहरूले संसद्बाट राष्ट्रघाती अमेरिकी एमसिसी सम्झौता पारित गराउन खोज्दैछन्, जुन संसदीय राजनीतिको निकृष्टता र घृष्टताको पराकाष्ठा हो । दलाल पूँजीवाद एकदमै निकृष्ट र घृणित हुन्छ भन्ने कुराको अभ्यास नेपालमा देखिएको छ ।

अब दुई तिहाइ बहुमतको अवसरवादी कम्युनिस्ट सरकार र नेकपा एमाले पतन भएकाले कुनै पनि दलले आवश्यक बहुमत प्राप्त गर्न नसक्ने भएको छ । धेरै जोगी मठ उजाडको अवस्था सिर्जित भएको छ । देश, काल, परिस्थिति अनुरूप नेपाली हावा, पानी र माटोमा बहुदलीय व्यवस्था अफाप सिद्ध भइसकेको छ । दलहरूमा अब राजनीतिक मेलमिलाप हुनै नसक्ने देखिन्छ । दलहरूले अपरिपक्व संसदीय व्यवस्था प्रस्तुत गरे, जुन नेपाल र नेपालीको सर्वोपरि हित र सर्वोत्तोमुखी विकासका लागि बाधक देखिएको छ । यस्तो राजनीतिक परिस्थितिको विकल्प अनिवार्य बनेको छ । यतिखेर देशमा राजनीति सन्तुलन, कूटनीतिक सन्तुलन खलबलिएर देश नै असफल र कमजोर बनेको छ । राजनीतिक अराजकता र सङ्क्रमण देखिएको छ । यसले संसदीय सङ्कट टड्कारोरूपमा प्रकट हुन गएको छ । संसदीय व्यवस्था अब कुनै पनि हालतमा परिपक्व हुन सक्दैन । गधालाई नुहाएर गाई र कुकुरको पुच्छर ढुङ्ग्रोमा हालेर ासिधा हुँदैन भन्ने कुरा नेपालको राजनीतिले प्रमाणित गरेको छ । संसद्मा संयोगवश गोरु ब्याउँछ । राजनीतिक निकासको निर्णय सावभौम नेपाली जनताले गर्न नपाएर सर्वोच्च अदालतले राजनीतिक मुद्दाको फैसला गर्न पाएको छ । दलहरूको आन्तरिक राजनीतिक विवादहरूको समाधान अब अदालतको निर्णयबाट हुने गरेको छ । नेपाली जनता अब राजनीतिको निर्णायक शक्ति बन्न सकेन । यो नै नेपाली माटोमा संसदीय व्यवस्था असफल हुँदै गएको थप प्रमाण हो । राजनीतिक व्यवस्था आफैं समस्या र सङ्कटमा परेपछि त्यहाँ देश र जनताको समस्याको हल हुन्छ भनेर भ्रम पालेर बस्नु मूर्खता हो । देशलाई विनाश काले विपरीत बुद्धिले ढाकिसकेको छ ।

देश अब दुःखको सागर बन्दैछ । संसद्वादी नेताहरू, नक्कली कम्युनिस्टहरू अब अमेरिकी साम्राज्यवादको दलालका रूपमा खडा भएका छन् । नेपालको साझा स्वार्थ र आवश्यकतालाई कुल्चिएर विदेशी स्वार्थको रक्षा गर्नमा शासन सत्ता प्रयोग हुँदै गइरहेको छ । यो नेपाली राजनीतिक इतिहासमैं कलङ्कित बनेको छ । विदेशीहरूको गुलाम बन्न पुगेपछि मात्र नेपालीहरूमा देशभक्तिको चेत आउने हो कि त्यसअगावै दलाल शासक प्रशासकविरुद्ध तत्कालै नेपाली जनता स्वस्फूर्त जनसङ्घर्षको अवस्था आउने हो । वर्तमान सङ्कटमा परेको संसदीय व्यवस्थाको अस्थायी सरकारले दीर्घकालीन योजना अपनाउन सक्दैन । सरकार निकम्मा हुन्छ । दलका सांसदहरूलाई अवसर, नेपाली जनताहरूलाई कडा चुनौतीको वर्तमान अवस्थामा राजनीतिक निर्णायक शक्ति, परिवर्तनका संवाहक शक्ति आम जनताहरूले सङ्कटमा परेको संसदीय व्यवस्थाविरुद्ध जनसङ्घर्ष गरी उत्तम व्यवस्थाको विकल्प दिन सक्नुपर्दछ । यसमा सबैको भलाइ र कल्याण छ । होइन भने जानीजानी इराकी र अफगानी जनताले भोगिरहेका नियति नेपालीहरूले भोग्न बाध्य हुनुपर्नेछ । खराब व्यवस्था फाल्ने कि रोज्ने जनताको नैसर्गिक अधिकार हो । गलत नेताहरूको कारण देशमा दमन र नरसंहारको दिन आउन सक्दछ । त्यस्तो कालो दिन आउन नदिन शान्तिपूर्ण जनमत सङ्ग्रहको पक्षमा अधिकांश नेपाली दृढ हुँदै जान सक्नुपर्छ । बहुदलीय व्यवस्थामा व्यवस्थापिकामा विभिन्न स्वार्थी विचार बोकेका दलहरू हुने भएकाले कुनै दलले पनि प्रमुख भूमिका खेल्न सक्दैन । जसले गर्दा व्यवस्थापिकामा अराजकताको स्थिति उत्पन्न हुन्छ । ओलीतन्त्र बहुदलीय व्यवस्थामैं कायम भयो । संसदीय व्यवस्थामा पनि ज्यादती, मनपर्दी, अकर्मण्यता, अदूरदर्शिता, निरङ्कुशता, स्वेच्छाचारिता, अधिनायकवाद, दलाली, भ्रष्टाचारले मनग्य ठाउँ पाए । कुशासनको रिहर्सल भयो । ओलीतन्त्रको अन्त्य भएपनि संसदीय दोषमा कुनै सुधार आएको छैन । यथास्थितिको खाडलमा जन्मिएको, विदेशी स्वार्थको रक्षा गर्न तम्सिएको संसदीय व्यवस्थाले देशको आवश्यकता, जनताको इच्छा, आकाङ्क्षाको प्रतिनिधित्व गर्न सकेको छैन । जनताहरूको दैनिक जीवन कष्टकर बन्दै गएको छ । आर्थिक विषमता, बजार मूल्यवृद्धि रोक्ने कुनै योजना, नीति, कार्यक्रम छैन । शासन, प्रशासनमा रहेकाहरूलाई सहुलियत, सुविधा तर बहुसङ्ख्यक क्रयशक्तिविहीन जनता कठिन जीवन गुजारिरहेका छन् । नेपाली जनताको भविष्य सुनिश्चित छैन । कोरोना सङ्क्रमणको विश्वव्यापी महामारीले संसद्वादीहरूको शासन व्यवस्थालाई कमजोर, असफल बनाउँदै लगिरहेको छ । प्रकृतिले नै संसद्वादी व्यवस्थाबाट मुक्त गराउन खोजेको छ । विश्वका धेरै देशमा पुरानो व्यवस्था र नेताहरूको ठाउँमा नयाँ व्यवस्था र नेताहरूको जमघट हुने देखिन्छ ।

नेपालको राजनीतिक व्यवस्थामा राजनीतिक दलहरूले राजनीतिक समस्या, विकृति, विसङ्गति थुपार्नुबाहेक आवश्यक सामाजिक, आर्थिक, राजनीतिक रूपान्तरण गरेर देश र जनताको उन्नति र भविष्य सुनिश्चित गर्न सकेनन् । नेपाली जनमत संसदीय व्यवस्थाको विरुद्धमा छ । निश्चित उद्देश्य भएका व्यक्तिहरूको समूह भएकोले साझा समस्याको संयुक्त पहल गर्न नचाहेका हुन् । जसले गर्दा राजनीतिक परिवर्तनको प्रतिफल सबै दलका थोरै नेता, कार्यकर्ताले पाए । बहुसङ्ख्यक जनताका लागि व्यवस्था परिवर्तनको उपलब्धि हात लाग्यो शून्य बन्यो । जसले गर्दा पुरानो व्यवस्थाको पतन गरी नयाँ व्यवस्थाको अभ्युदय गर्नुपर्ने बाध्यता आयो । जनताको परिवर्तनको भेललाई दमन र भ्रमले रोक्न सक्दैन । नेपालमा संसदीय व्यवस्था अन्तर्गत जतिपटक चुनाव गरे पनि व्यवस्थाले नेपालीको नाजुक अवस्थामा कुनै तात्त्विक अन्तर ल्याउन सक्दैन । किनभने संसदीय व्यवस्थाले नयाँ नेतृत्व, नीति, कार्यक्रम र योजना आउन सक्ने अवसरलाई नै अवरुद्ध पारेको छ । बहुदलीय र संसदीय व्यवस्थाको संरचनामा आमूल परिवर्तन गर्न नितान्त जरुरी छ । खराब प्रवृत्ति र पात्रहरू परिवर्तनका विरोधी हुन् । व्यक्तिगत स्वार्थ, गुटगत स्वार्थमा रमेकाहरू सामूहिक स्वार्थ र राष्ट्रिय स्वार्थका विरोधी हुन्छन् । जनताले जति आलोचना, निन्दा, घृणा, भर्त्सना गरे पनि बहुदलवादी, संसद्वादी अगुवा नेताहरूमा सद्बुद्धि आउने क्रम देखिंदैन । सङ्गठित राजनीतिक दल, जनताको सक्रिय सहयोग, समर्थन र सहभागिताविना विकासशील र गतिशील राजनीति पाउन सकिंदैन । प्रचण्ड समूहले एकता, सङ्घर्ष र सम्झौताको उपयोगवादी, अवसरवादी नीति अन्तर्गत कम्युनिस्ट आन्दोलन, सुधारवादी आन्दोलनलाई ध्वस्त पारी अराजकतावादी र अवसरवादी आन्दोलनलाई अगाडि बढाएबाट देशले यो दुर्गति र विडम्बना भोग्नुपरेको हो ।

# छ सय ६३ स्थानीय तहमा पुग्यो इन्टरनेट

काठमाडौं, १८ साउन/रासस


देशैभर उच्च गतिको ब्रोडब्यान्ड इन्टरनेट पुऱ्याउने लक्ष्यसहित नेपाल दूरसञ्चार प्राधिकरणले अघि बढाएको परियोजना अन्तर्गत असार मसान्तसम्म ६६३ स्थानीय तहमा इन्टरनेट जडान गरिएको छ ।

प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास कोषको आर्थिक सहयोगमा उक्त सेवा उपलब्ध गराउन सम्बन्धित परियोजनालाई १८ वटा प्याकेज बनाएर सञ्चालन गर्दै आएको हो । उक्त प्याजेक अन्तर्गत असार मसान्तसम्ममा ९४.४४ प्रतिशत स्थानमा उच्च गतिको इन्टरनेट जडान भइसकेको छ ।

अठार प्याकेजमध्ये १५ प्याकेज अन्तर्गत ६० जिल्लाका तोकिएका स्थानमा १०० प्रतिशत तथा दुई प्याकेज अन्तर्गत १० जिल्लामा ५० प्रतिशतभन्दा बढी स्थानमा इन्टरनेट जडान गरिएको छ । यस्तै, चार जिल्लाका तोकिएका स्थानमा सञ्जाल विस्तारका लागि सेवाप्रदायक छनोट भई निर्माण कार्य भइरहेको प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले जानकारी दिए ।

उनका अनुसार १८ वटा प्याकेजका १५ हजार ९८२ स्थानमध्ये हालसम्म १४ हजार २१८ स्थानमा इन्टरनेट जडान भइसकेको छ भने एक हजार ७६४ स्थानमा इन्टरनेट जडान गर्न बाँकी छ । सात सय दुई स्थानीय निकायमध्ये असार मसान्तसम्म ६६३ स्थानमा इन्टरनेट जडान भइसकेको र ३९ स्थानीय तहमा जडान भइरहेको छ ।

यसैगरी, पाँच हजार ९३३ वडा कार्यालयमध्ये हालसम्म पाँच हजार २६४ स्थान, पाँच हजार २२५ माध्यमिक विद्यालयमध्ये चार हजार ६४० विद्यालय र चार हजार १२२ स्वास्थ्य संस्थामध्ये तीन हजार ६५१ संस्थामा इन्टरनेट जडान भइसकेको छ । सम्पन्न भइसकेका परियोजनामध्ये हालसम्म छवटा परियोजनाको अनुगमन तथा प्रमाणीकरण भइसकेको, दुई परियोजनाको प्राधिकरणबाट नियुक्त परामर्शदाताबाट पहिलो चरण अन्तर्गतको अनुगमन तथा प्रमाणीकरण भइरहेको र दुई परियोजनाको दोस्रो चरण




अन्तर्गतको अनुगमन तथा प्रमाणीकरण भइरहेको छ । कुल रु पाँच अर्ब २६ करोड ९७ लाख ७० हजार रकममध्ये हालसम्म रु तीन अर्ब ३८ करोड ८७ लाख ब्रोडब्यान्ड परियोजनाका लागि सेवाप्रदायकलाई भुक्तानी गरिएको प्राधिकरणका प्रवक्ता पौडेलले जानकारी दिए । उनका अनुसार उक्त परियोजना अन्तर्गत देशभरका नगरपालिका, गाउँपालिका, वडा कार्यालय, शैक्षिक संस्था तथा स्वास्थ्य संस्थामा निश्शुल्क इन्टरनेट सेवा उपलब्ध गराउन लागिएको हो । उक्त परियोजनामा उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुर जिल्लालाई समेटिएको छैन ।

## ३५ लाखको स्वास्थ्य सामग्री हस्तान्तरण

जलेश्वर, १८ साउन/रासस

महोत्तरी जिल्लाका तीनवटा पालिकालाई सोमवार कोरोनाविरुद्ध जीवनरक्षाका लागि एक संस्थाले ३५ लाख मूल्यबराबरको स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ ।

विश्वसहित नेपालमा पनि पछिल्लो समय कोरोनाको तेस्रो लहर भेटिएपछि सेभ द चिल्ड्रेनको सहयोगमा रतौली युवा क्लब महोत्तरीले जिल्लाको जलेश्वर नगरपालिका, लोहारपट्टि नगरपालिका र पिपरा गाउँपालिकालाई सो स्वास्थ्य सामग्री हस्तान्तरण गरेको हो ।

सेभ द चिल्ड्रेनको समुन्ति कार्यक्रम अन्तर्गत रतौली युवा क्लबले कोरोनाको तेस्रो लहरविरुद्ध पूर्वतयारीका लागि जलेश्वर नगरपालिकालाई रु १५ लाख, लोहारपट्टि नगरपालिकालाई रु सात लाख र पिपरा गाउँपालिकालाई रु १३ लाखका विभिन्न स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ ।

सो संस्थाले पालिकालाई अक्सिजन ग्यास सिलिन्डर, अक्सिमिटर, सेनिटाइजर, मास्क, पञ्जालगायत २२ प्रकारका स्वास्थ्य सामग्री प्रदान गरेको छ ।

रतौली युवा क्लबका कार्यकारी निर्देशक बैधनाथ चौधरीले तीनवटै पालिकाका प्रमुखलाई सबै स्वास्थ्य सामग्री हस्तान्तरण गरेका हुन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा दैनिक सङ्क्रमितको सङ्ख्या स्थिर, ४० हजार थपिए

नयाँ दिल्ली, १८ साउन/एएनआई

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या स्थिर रहेको छ।



चीनस्थित झेंग्झौ प्रान्तमा बालिकाको स्वाब नमूना सङ्कलन गर्दै। तस्वीरः सिन्ह्वा

पछिल्ला केही दिनदेखि निरन्तर दैनिक औसत ४० हजारजनाका दरले नयाँ सङ्क्रमितहरू थपिएको देखिएको छ।

त्यसैगरी, ३६ दिनदेखि दैनिक सङ्क्रमितको सङ्ख्या ५० हजारभन्दा कम रहेको पनि अधिकारीहरूले जनाएका छन्।

कोरोना भाइरसविरुद्धको सतर्कता, खोप अभियानलगायतका कारणले अहिले दैनिक सङ्क्रमितहरूको सङ्ख्या ४० हजारको आसपासमा सीमित भएको विश्लेषण गरिएको छ। अधिकारीहरूले सोमवार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा ४० हजार १३४ जना नयाँ सङ्क्रमित भएका छन्।

सोही अवधिमा कोरोना भाइरसका कारण भारतमा ४२२ जनाको मृत्यु भएको पनि केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

भारतमा अहिलेसम्म कोरोना भाइरसबाट सङ्क्रमितहरूको कुल सङ्ख्या तीन करोड १६ लाख ९४ हजार ९५८ पुगेको छ।

त्यसैगरी, कोरोनाका कारण कुल मृतकको सङ्ख्या चार लाख २४ हजार ७७३ पुगेको पनि मन्त्रालयका अधिकारीहरूले जनाएका छन्।

भारतमा अहिले पनि सङ्क्रमित अवस्थामैं रहेका सङ्क्रमितहरूको सङ्ख्या चार लाख १३ हजार ७१८ पुगेको छ। पछिल्लो २४ घण्टामा भारतमा ३६ हजार ९४६ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। एकै दिनमा नयाँ थपिएका सङ्क्रमितहरूको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या थोरै भएकाले अहिले सङ्क्रमित अवस्थामैं रहेकाहरूको सङ्ख्या भने बढेको छ।

भारतमा कोरोना भाइरसको महामारी फैलिएदेखि अहिलेसम्म सङ्क्रमणमुक्त भएकाहरूको कुल सङ्ख्या तीन करोड आठ लाख ५७ हजार ४६७ रहेको छ।

सरकारी अधिकारीहरूले दिएको जानकारी अनुसार कुल सङ्क्रमितमध्ये ९७.३५ प्रतिशत सङ्क्रमणमुक्त भइसकेका छन्।

भारतमा अहिलेसम्म ४७ करोड २२ लाखभन्दा बढी मानिसलाई कोरोना भाइरसविरुद्धको खोप लगाइएको छ भने अहिलेसम्म ४७ करोड २२ लाख २३ हजार ६३९ जनाको कोरोना परीक्षण गरिएको छ।

पछिल्लो २४ घण्टामा १७ लाख छ हजार ५९८ जनालाई कोरोना भाइरसविरुद्धको खोप लगाइएको मन्त्रालयले जनाएको छ ।

**चीनभित्रै कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बढ्न थाल्यो**

बेइजिङ/सिन्ह्वा

चीनमा कोरोना भाइरसका सङ्क्रमित बढ्न थालेको बताइएको छ। कोरोना भाइरसको उद्गमस्थल चीनमा पछिल्लो समयमा देशभित्रै सङ्क्रमित भएकाहरू भेटिने क्रम बढेको बताइएको छ।

चीनमा आइतवार कोरोना भाइरसका ५५ जना नयाँ सङ्क्रमित भेटिएको नेशनल हेल्थ कमिशनले जानकारी दिएको छ। ती व्यक्तिहरू चीनभित्रैबाट सङ्क्रमित भएका पाइएको बताइएको छ।

चीनको जाङ्सुमा मात्र स्थानीयरूपमैं सङ्क्रमण भएका ४० जना सङ्क्रमित भेटिएका बताइएको छ। त्यसैगरी, हुनान, लियानिङ्मामा अरू सङ्क्रमित पाइएको बताइएको छ। ती क्षेत्रमा विगतका केही दिनदेखि निरन्तररूपमा नयाँ–नयाँ सङ्क्रमित देखिने गरेका छन्। चीनभित्रै सङ्क्रमणका नयाँ सूचनाहरू आइरहेका ती अधिकारीहरूले जनाएका छन्।

स्थानीय नागरिकमैं सङ्क्रमण देखिएपछि नेशनल हेल्थ कमिशनले चिन्ता व्यक्त गरेको छ। सोही कारणले चीनले पछिल्लो समयमा कोरोनाको परीक्षणलाई तीव्रता दिएको छ। चीनले कोरोना निको भएका नागरिकको पुनः स्वास्थ्य जाँच शुरू गरेको छ। यहाँ पछिल्ला हप्ताहरूमा हेलिङ्जाङ, हेइबेई, सङ्घाईमा पनि सङ्क्रमित देखिएका छन्।

देशभित्रै अर्थात् स्थानीयरूपमैं चीनमा सङ्क्रमितहरू देखिन थालेपछि ती क्षेत्रहरूमा निको भएका बिरामीहरूमा पनि यहाँका स्थानीय स्वास्थ्य अधिकारीहरूले ध्यान दिन थालेका छन्। उनीहरूको पुनः स्वास्थ्य परीक्षण गर्ने काम केही महीनायतादेखि नै थालेको जनाएको छ।

**जापानको अरू चार क्षेत्रमा पनि सङ्कटकाल घोषणा**

टोकियो/सिन्ह्वा

ओलम्पिक खेलकूद प्रतियोगिता सञ्चालन भइरहेको जापानका अरू चार क्षेत्रमा पनि सङ्कटकाल घोषणा गरिएको छ।

यसअघि टोकियो र ओकिनावामा सङ्कटकाल लागू हुँदै आएकामा चिबा, कानागावा, सैतामा र ओसाकामा पनि सङ्कटकाल लगाइएको हो। कोरोना भाइरसको महामारी फैलिंदै गएकाले महामारी न्यूनीकरणका लागि सङ्कटकाल लगाउनुपरेको अधिकारीहरूले जनाएका छन्।

टोकियोबाट नजीकै रहेको क्षेत्रमा सङ्कटकाल लगाइएको हो। सङ्कटकाल यही अगस्त ३१ सम्म लागू हुने जनाइएको छ। टोकियो र ओकिनावामा लगाइएको सङ्कटकाल पनि अगस्त ३१ सम्मका लागि तय गरिएको छ। रासस

## टयाङ्करमा भएको हमलामा इरानको हात छ –इजरायल

जेरुसेलम, १८ साउन/सिन्ह्वा

इजरायली प्रधानमन्त्री नाफ्ताली बेनेटले ओमानी तटमा रहेको इजरायलद्वारा सञ्चालित तेल टयाङ्करमा दुईजनाको ज्यान जानेगरी भएको हमलामा इरानको हात रहेको बताएका छन्।

उनले इरान इजरायलको शत्रु रहेको आरोप लगाउँदै उक्त घटनामा इरानको हात रहेको प्रमाण आफूहरूसँग रहेको दाबी पनि गरेका छन्। उनको यो भनाइपछि उता अमेरिका र बेलायतले पनि इरानको हात रहेको हुन सक्ने वक्तव्य दिएका छन्।

बेलायत र अमेरिकाले इरानको हात रहेको आफूहरूलाई पनि विश्वास लागेको बताएका थिए। अमेरिका र बेलायतले यस घटना अन्तर्राष्ट्रिय कानूनको विपरीत रहेको पनि बताएका छन्।

यता इरानले भने सो घटनामा आफ्नो संलग्नता अस्वीकार गरेको छ। इजरायलका प्रधानमन्त्री बेनेटले यसबारेमा चेतावनी दिंदै इरानलाई कसरी जवाफ दिनुपर्छ भन्ने कुरा आफूलाई थाहा भएको भनेपछि यता इरानले यस घटनामा आफ्नो हात नरहेको भनी स्पष्ट गरेको छ।

तेहरानले यसलाई आधारहीन आरोप भनेको छ। उक्त टयाङ्करमा भएको हमला इजरायल र इरानबीचको अघोषितरूपमा एक किसिमको तनाव बढाउने पछिल्लो घटनाका रूपमा आएको विदेशी समुदायले दाबी गरेका छन्।

गएको मार्चदेखि इरान र इजरायलले सञ्चालन गर्दै आएका कैयौं पानीजहाजमा आक्रमण भएको देखिएको छ।

पछिल्लोपटक भने इजरायलको स्वामित्वको एक कम्पनीले सञ्चालन गरिरहेको एमभी मर्सर स्ट्रीट नामक टयाङ्करमा गत बिहीवार आक्रमण भएको थियो। ओमानी तटमा सो टयाङ्करमाथि आक्रमण भएको थियो।

त्यस आक्रमणमा परेर दुईजनाको ज्यान पनि गएको थियो। ज्यान जानेमा एकजना ब्रिटिश र एकजना रुमेनियाली नागरिक रहेका छन्। त्यस हमलामा अहिलेसम्म कसैले पनि जिम्मेवारी लिएको छैन। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनक्षति | वृष – सुयश |
| मिथुन – अलमल | कर्कट – मनोरञ्जन |
| सिंह – राज्यभय | कन्या – शारीरिककष्ट |
| तुला – यात्रालाभ | वृश्चिक – शत्रुभय |
| धनु – चोरभय | मकर – उदरपीडा |
| कुम्भ – विजय | मीन – राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया




**माइग्रेशन हराएको सूचना**

मिति २०७८ साउन १० गते वीरगंज, बिर्ताबाट घण्टाघर जाने क्रममा मेरो राष्ट्रिय शिक्षा बोर्डबाट जारी (द टाइम्स इन्टरनेशनल कलेज, काठमाडौं, कक्षा १२) माइग्रेशन प्रमाणपत्र नं. 27601102 हराएको हुँदा पाउनुहुने महानुभावले नजीकको प्रहरी चौकी अथवा मो. ९८४००११८१० मा सम्पर्क गर्नुहुन अनुरोध छ।

नामः प्रजीना भाट
ठेगानाः बिर्ता, वीरगंज–४

# टुक्रा–टाक्री

**मन्तव्य**



कुमार रुपाखेती

**मितेरी पुल बहुचर्चित अन्तर्राष्ट्रिय पुल मानिन्छ। अहिले पुलको संरचना कमजोर देखिन्छ। यस पुलबाट दैनिक हजारौं यातायातका साधन ओहोरदोहोर भइरहन्छन्। यही मितेरी पुलबाट दुवैतिरका प्रशासनलाई हातमा लिएर कालोबजारी गर्ने व्यापारीहरूले वारेन्यारे गरिरहन्छन्।**

वीरगंज–रक्सौल जोड्ने पुललाई हामीहरू मितेरी पुल भन्दछौं भने उतातिरकाले यसलाई मैत्री पुल भन्दछन्। नाम मितेरी पुल भएपनि यो पुलको उपयोग नेपाल–भारत आवतजावत गर्नेहरूका अलावा हडतालीहरूले प्रयोग गर्न सुगम थलो पनि बनेको छ। मधेस आन्दोलनताका आन्दोलनकारीहरू यही मितेरी पुलमा महीनौं धर्ना दिए। अस्ति नाका बन्द छ भन्दै नेपाल प्रहरीले कोरोनाको कारण देखाउँदै उतापट्टिबाट नेपाल छिर्न रोक लगाएपछि भारतीय कामदारहरूले यो पुल घण्टौं जाम गरिदिए। नेपाली पक्षबाट हेपिएको भन्दै कहिले भारतीय ट्रक ड्राइभर त कहिले भारतीयहरूले मितेरी पुलको अपमान गर्दै पुल ठप्प गर्ने गरेका छन्।

विगतमा यो मितेरी पुल जीर्ण र कमजोर हुँदा नेपाल–भारत दुवैले मरम्मत सम्भारको जिम्मा लिन आनाकानी गर्दा यही पुलमा धर्ना दिएर मरम्मत सम्भार भएको हो। नेपालमा एमाले अल्पमतको सरकारका उपप्रधानमन्त्री माधवकुमार नेपाल र भारत पक्षको प्रतिनिधिले यो पुलको संयुक्त उद्घाटन गरेका थिए। त्यतिखेर पुल उद्घाटन कार्यक्रममा कार्यक्रमको थालनी अङ्ग्रेजी भाषाबाट गर्नुपर्ने भएकोले अङ्ग्रेजी जान्ने भनिएका ठाकुर राम बहुमुखी क्याम्पसका प्राध्यापक दामोदर शर्मा रिजालले उद्घोषणको जिम्मा पाएका थिए। मितेरी पुल बहुचर्चित अन्तर्राष्ट्रिय पुल मानिन्छ। अहिले पुलको संरचना कमजोर देखिन्छ। यस पुलबाट दैनिक हजारौं यातायातका साधन ओहोरदोहोर भइरहन्छन्। यही मितेरी पुलबाट दुवैतिरका प्रशासनलाई हातमा लिएर कालोबजारी गर्ने व्यापारीहरूले वारेन्यारे गरिरहन्छन्। नेपाल–भारत दुवैले अत्यधिक महत्त्वपूर्ण ठानेको यो पुल कालाबजारियाहरूलाई समेत वरदान साबित भएको छ। त्यसैले त कतिले यो पुललाई वकील पुल पनि भन्दछन्। किनकि यहाँ बसेर धर्ना, आन्दोलन गर्दा सरकारले तदारूकता देखाउँदै छिट्टै निर्णय गर्छ रे।

भारतको केन्द्र सरकारले काश्मीरको विशेष राज्यको दर्जा समाप्त गरी केन्द्रीय सरकारकै मातहतमा राखेपछि भारतीयहरूले यसलाई 'नई काश्मीर' भन्न थालेका छन्।

विगतमा काश्मीरमा ८३ विधानसभा सिट थियो। रिसाएका काश्मीरीहरूलाई रिझाउन मोदी सरकारले त्यहाँको विधानसभा सिट थप्ने तरखरमा छ। किनकि निकट भविष्यमैं त्यहाँ विधानसभाको निर्वाचन गर्नुपर्नेछ। कतिपय नेता जम्मु–काश्मीरलाई पूर्ण राज्यको दर्जा दिनुपर्ने बताइरहेका छन्।

तर जम्मु–काश्मीरको नजीक रहेको लद्दाख क्षेत्रमा भारतले एक्कासि आफ्नो सैनिक सङ्ख्या बढाएर दुई लाख पुऱ्याएको छ। गत वर्ष लद्दाखको गलवानमा चिनियाँ सेनाले भारतीय सेनाका अधिकारीसहित सैनिकहरूलाई मारेको थियो। यस क्षेत्रमा अहिले चिनियाँ सैनिक गतिविधि एकाएक बढेको, हवाई मैदान र पिच सडक निर्माण भएको र लाखौं चिनियाँ सैनिकको चहलपहल बढेकाले आफ्नो सीमा रक्षार्थ भारतले पनि जल, थल, हवाई तीनैथरी गरी सैनिक सङ्ख्या दुई लाखभन्दा धेरै पुऱ्याएको छ। भनिन्छ, अहिले चिनियाँ र भारतीय पक्षले संयमता अपनाएर शान्ति बहालीको प्रयत्न गरेनन् भने छिट्टै चिनियाँ र भारतीय पक्षबीच सन् १९६२ भन्दा ठूलो युद्ध दोहोरिन सक्छ। भनिन्छ, चिनियाँ र भारतीय सेना अहिले मात्र सात किलोमिटर पर आमनेसामने भएर पोजिशनमा बसेका छन्। भर्खरै भएको ड्रोन हमलामा प्रयोग गरिएका ड्रोनहरू चीन निर्मित र पाकिस्तानले प्रयोग गरेको भारतीय पक्षको आरोपले माहोल झनै गर्माएको छ। त्यस्तै, लद्दाखको पुँछ क्षेत्रमा समेत यी दुई देशका सेनाबीच तनावको वातावरण छ। सुरक्षाका लागि विगतमा भारतले रोक लगाएका पुँछ, लद्दाख र काश्मीरका केही महत्त्वपूर्ण राजमार्ग आफ्नो सेनाको परिचालनमा सुगमता हेतु सुचारु गरेको छ।

लालुप्रसाद यादव अहिले दिल्लीस्थित एम्स हस्पिटलमा उपचाररत छन्। अस्ति आफ्नो पार्टीको रजतजयन्तीको अवसरमा पटना आउन नपाए पनि दिल्लीमैं राबडी देवी र छोरी मिसासँग पार्टी उत्सव मनाए। बिहारमा आफ्ना सहयोगीहरूलाई सन्देश दिंदै उनले भने बिहारमा मैले पच्चीस वर्षअघि आफ्नो पार्टी गठन गर्दा मेरो नीति नै 'बाँधो गाँठ, पिछडा पावे सौ मे साठ' थियो रे। लालु लामो समयदेखि राजनीतिक बन्दीको रूपमा जेलमा बन्द छन्। एकपटक बिहारको मुख्यमन्त्री हुँदा विधानसभामा अङ्ग्रेजीमा भाषण गर्ने सनक चढेछ। सभामा उनले अङ्ग्रेजीमा भाषण गर्दा विधानसभाका स्पीकरदेखि सबै सदस्य हाँसेर लोटपोट भएका थिए। उनको टुटफुट बिहारी अङ्ग्रेजी भाषा उट्पट्याङ खालको नै थियो।

## जीराभवानी गापाका दलितहरूलाई राहत वितरण

प्रस, सेढवा, १८ साउन/

निषेधाज्ञामा दलित, गरीब, मजदूर, श्रमिकहरूलाई खाद्यान्न राहत वितरण गर्दै आएको पिस फर दलित फाउन्डेशन नेपालले न्युजिल्याण्ड नेप्लिज एशोसिएशनको आर्थिक सहयोगमा सोमवार जीराभवानी गाउँपालिकामा राहत वितरण गरेको छ।




तस्वीरः प्रतीक

निषेधाज्ञा खुकुलो भएपनि गरीब, दलित, मजदूर, श्रमिकहरूको जीवन अहिलेसम्म कष्टकर रहेको र उनीहरूले पूर्णरूपमा काम गरेर खान सक्ने सामर्थ्य जुटाइनसकेका कारण दैनिक गुजारामा समस्या भएका जीराभवानी गापा–५ सखुनियाका ५९ घरपरिवारलाई राहत वितरण गरिएको फाउन्डेशन नेपालका अध्यक्ष मनोज रामले बताए। ८६ जना घरपरिवारलाई राहत वितरण गर्ने योजना रहेकोमा सोमवार ५९ घरपरिवारलाई प्रतिपरिवार २० किलो चामल, १ किलो नून, डेढ किलो दाल र मास्क सहयोग गरिएको अध्यक्ष रामले बताए।

कार्यक्रममा दलित अगुवाहरू खेदनीदेवी मुसहर, रमाकान्त चौधरी, चन्द्रकिशोर राम, सुरेन्द्र पासवान, संयोग राम, लहवर रामलगायतले सहयोग पुऱ्याएका थिए। कार्यक्रमको सहजीकरण अध्यक्ष रामले गरेका थिए।

## चोरी भएको छिन्नमस्ताको मुकुट भेटियो

सप्तरी, १८ साउन/रासस

छिन्नमस्तास्थित प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता भगवतीको चोरी भएको मुकुट (मस्तक) सोमवार फेला परेको छ। चोरी भएको चाँदीको मुकुटसहित विष्णुपुर गाउँपालिका–५ मझौका राजेशकुमार मण्डललाई प्रहरीले नियन्त्रणमा लिएको छ। आइतवार राति करीब ७:०० बजे सरसफाइका लागि मन्दिरका पुजारी पोखरीबाट पानी लिन गएका बेला मुकुट चोरी भएको थियो।



तस्वीरः सौजन्य

चोरी गरेका मण्डलले बिहान आफैंले मुकुट ल्याएको र मन्दिर स्थापना गर्ने भन्दै गाउँमा हल्ला गर्दै हिंडेको स्थानीयवासी जयप्रकाश यादवले बताए। ७५० ग्रामको चाँदीको मुकुट, सुनको टीका र नथिया बरामद गरी मण्डललाई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय ल्याइएको प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद धमलाले बताए।

चोरीको घटना बाहिरिएपछि आइतवार राति नै प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्य, प्रहरी

(बाँकी अन्तिम पातामा)



तिथि अनुसार साउन महीना शुरू भएसँगै शिवालयमा भक्तजनको घुँइचो लाग्दैछ। वीरगंजस्थित अलखियामठ मन्दिरमा शिवालयलाई पुज्दै श्रद्धालु। तस्वीरः नितेश कर्ण

# खेलकूदको संसार

## सञ्जीवलाई स्वर्ण

काठमाडौं, १८ साउन/रासस

नेपालका सञ्जीव नेपालीसहित तीनजना खेलाडीले डिजी एशियन तेक्वान्दो ओपन अनलाइन पुम्से च्याम्पियनशिपमा स्वर्ण पदक जितेका छन्। डिजी तेक्वान्दो फिलिपिन्स र ओङ तेक्वान्दो युएसको संयुक्त आयोजनामा सम्पन्न च्याम्पियनशिपमा सञ्जीवले अमेरिकाका क्लिभ कोल्लाडोलाई हराउँदै स्वर्ण पदक जितेका हुन्।

पुरुष ३०–४० वर्ष उमेर समूहको पुम्सेमा सञ्जीवले ५.४३३ स्कोर प्राप्त गर्दा क्लिभले ४.४८३ स्कोर जोडेका थिए। महिला १८–३० वर्षमुनि उमेर समूहमा पनि नेपालकै सन्दीपा अमगाईंले सफलता पाइन्। उनले पनि अमेरिकाकै सानोन मास्देनलाई हराउँदै स्वर्ण चुमिन्।

सन्दीपाले ५.५०० स्कोर र सानोनले ५.४०० स्कोर प्राप्त गरेकी थिइन्। नेपालकै प्रेमकुमार दर्नालले पुरुष ४०–५० वर्ष उमेर समूहको पुम्सेमा स्वर्ण जिते। प्रेमकुमारले कुल ५.०६७ स्कोर बटुल्दै अमेरिकाका टीम ओमिरालाई हराए। थोरै स्कोरले पछि परेका टीमले ५ स्कोर बटुलेका थिए।

यही साउन १६ गतेदेखि सञ्चालन भएको पुम्से च्याम्पियनशिपमा नेपालसहित अमेरिका, फिलिपिन्स, अस्ट्रेलिया, सिङ्गापुर, स्लोभानिया र इन्डोनेसियाका खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

## व्यवसायबारे सात दिने तालीम सम्पन्न

प्रस, कलैया, १८ साउन/

युके एड नेपालको सहयोगमा पिपुल इन नीड र आसमान नेपालको सहकार्यमा सञ्चालित आरम्भ परियोजना अन्तर्गत आफ्नो व्यवसाय शुरू तथा सुधारसम्बन्धी सात दिने तालीम सोमवार बाराको सुवर्ण




र देवताल गाउँपालिकामा सम्पन्न भएको छ। १५ देखि १९ वर्षका विद्यालयबाहिर रहेका किशोरीहरूलाई ८ महीना पठनपाठन गराइ उनीहरूको जीविकोपार्जनका निम्ति तालीम आयोजना गरिएको डा वीरेन्द्र सिंहले जानकारी दिए।

तालीममा व्यापार गर्दा मूल्य निर्धारण, बजारीकरणलगायतका विषयमा प्रशिक्षण दिइएको थियो। १४ जना किशोरीको सहभागिता रहेको तालीममा शान्ता सुनार, विपासा चौधरीले प्रशिक्षण दिएका थिए भने रमेश जैसवाल र धर्मेन्द्र चौरसियाले सहजीकरण गरेका थिए।

## रक्सौलमा संस्कृति सप्ताहको आयोजन

राजेश केशरीवाल, रक्सौल, १८ साउन/

भारत विकास परिषद् रक्सौल शाखाले रक्सौल बैंक रोडस्थित श्री सत्यनारायण मारवाडी पञ्चायती मन्दिर परिसरमा संस्कृति सप्ताहको आयोजना गरेको छ।

आइतवार कार्यक्रमको उद्घाटन मुख्य अतिथि अखिल भारतीय मारवाडी महिला सम्मेलनकी प्रान्तीय अध्यक्ष मीना तोदीले गरेकी थिइन्।

संस्कृति सप्ताह अन्तर्गत आयोजित सांस्कृतिक प्रतियोगितामा विभिन्न विद्यालयका छात्रछात्राहरूले विभिन्न विधामा आआफ्नो प्रतिभा देखाएका थिए।



एकल नृत्य प्रस्तुत गरेकी प्रियङ्का कुमारीले प्रथम पुरस्कार हात पारेका थिइन्।

परिषद्का अध्यक्ष डा राजेन्द्रप्रसाद सिंहको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सुनीलकुमारले गरेका थिए।

## जनमत पार्टीद्वारा प्रदर्शन

प्रस, रौतहट, १८ साउन/

जनमत पार्टी नगर समिति राजदेवीले सोमवार बृहत् पदयात्रा प्रदर्शन गरेको भ्रष्टाचारविरुद्ध प्रदर्शन गरिएको थियो। प्रदर्शनको क्रममा विभिन्न खाले चर्को नारा लगाइएको थियो।




छ। पार्टीको केन्द्रीय सदस्य एवं केन्द्रीय प्रकाशन विभाग प्रमुख ललित मल्लिक शानूको अध्यक्षतामा राजदेवी नगरपालिकाको मुडवलवा गेटबाट पदयात्रा शुरू गरी राजदेवी नगरपालिकाको कार्यालयसम्म

पदयात्रामा जनमत पार्टीको वरिष्ठ नेतृत्व मण्डलका केन्द्रीय संयोजक अशोककुमार सिंह, जिल्ला सचिव विकासकुमार यादव, नगर संयोजक प्रभु यादवलगायत नेता, कार्यकर्ताहरूको सहभागिता थियो।

## चोरी भएको छिन्नमस्ता.....

उपरीक्षक धमलासहितको टोली घटनास्थल पुगेको थियो। प्रहरीले तत्कालै पूजाको पालोमा रहेका तीनजना पुजारीलाई नियन्त्रणमा लिएको थियो। चोरीको अनुसन्धानका लागि राति नै सीमानाकालाई समेत सिल गरिएको थियो। मन्दिरमा सिसिटिभी जडान भएपनि तार काट्ने, क्यामेरा फुटाउने कामले गर्दा मन्दिर अहिले सिसिटिभीको निगरानीमा छैन। मन्दिरको संरक्षणमा लापरवाही भएको भन्दै मन्दिरमा भेला भएका स्थानीयवासीले रातिदेखि नै चर्को विरोध गरिरहेका छन्।

## स्वास्थ्य सेवा केन्द्रको उद्घाटन

प्रस, पोखरिया, १८ साउन/

पोखरिया नगरपालिका–५ सतवरियामा सोमवार आधारभूत स्थापना गरिएको बताए।

उनले आगामी दिनमा उक्त स्वास्थ्य केन्द्रको लागि निश्शुल्क जग्गा प्रदान



स्वास्थ्य केन्द्रको उद्घाटन गर्दै प्रमुख दीपनारायण रौनियार। तस्वीरः प्रतीक

स्वास्थ्य सेवा केन्द्रको उद्घाटन गरिएको छ।

पोखरिया नपाका प्रमुख दीपनारायण रौनियारले स्वास्थ्य केन्द्रको उद्घाटन गर्दै सो वडाका जनताको स्वास्थ्य सेवामा पहुँच पुऱ्याउने उद्देश्यले स्वास्थ्य केन्द्रको गरिनेसमेत प्रतिबद्धता व्यक्त गरे।

वडाध्यक्ष उमाकान्त साहको अध्यक्षतामा भएको कार्यक्रममा गोवर्द्धन यादव, स्वास्थ्य संयोजक कौशलेन्द्र मिश्र, रामपूजन पाठक, राजु साहलगायतको सहभागिता थियो।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

कालो ढुसी (म्यूकरमाइकोसिस) सम्बन्धी जान्नै पर्ने कुरा

कोभिड-१९ भएका बिरामीमा आँखा, नाक र अनुहार बिगार्ने कालो ढुसीको संक्रमण नेपालमा अहिले केही मानिसमा पुष्टि भएको छ। यो संक्रमण विरलै देखिन्छ तर संक्रमण गम्भीर भए प्राणघातक पनि हुनसक्ने भएकोले समयमा नै ध्यान पुऱ्याउनु आवश्यक छ।

कालो ढुसीका सामान्य प्रारम्भिक लक्षणहरू




उच्च जोखिम भएकाहरु

- कोभिड-१९ उपचारका क्रममा स्टेरोइड प्रयोग गरेका व्यक्तिहरु
- चिकित्सकको सल्लाह बिना एन्टिबायोटिक वा अन्य औषधीको जथाभावी प्रयोग गर्नेहरु
- मधुमेह भएका वा शरीरको रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरु

घरमा आइसोलेसनमा बस्दा अपनाउन सकिने रोकथामका उपायहरू

- सफा र सुरक्षा मास्क प्रयोग गर्ने, डिस्पोजेबल मास्कको पुनः प्रयोग नगर्ने
- नियमित रूपमा हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने
- व्यक्तिगत सरसफाईमा ध्यान दिने
- घर बाहिर वा फोहरमा काम गर्नु परे डिस्पोजेबल पन्जाको प्रयोग गर्ने
- धेरै धुलो भएको र ओसिलो ठाउँमा नजाने
- नुनिलो पानीले नाक सफा गर्ने
- पोभिडोन आयोडिन भएको तरल पदार्थले घाँटी र मुख कुल्ला गर्ने
- मधुमेह भएका बिरामीले सुगर नियन्त्रणमा राख्ने
- स्वास्थ्यकर्मीको सल्लाहमा मात्रै औषधी प्रयोग गर्ने

यो कोरोना जस्तो एक मानिसबाट अर्को मानिसमा सर्दैन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग